# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गल्कोट नगरपालिका
## बागलुङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

गल्कोट नगरपालिका

बागलुङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## गल्कोट नगरपालिका

## बागलुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*
स्वतन्त्रता *(Independence)*
व्यावसायिकता *(Professionalism)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

गण्डकी प्रदेश

मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. ४८

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,

गल्कोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

बागलुङ।

१. **कैफियत सहितको राय** – हामीले गल्कोट नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.२ करोड **३१** लाख **९८** हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु **३०** लाख २ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू– २६ लाख ८२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १८ लाख २७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ५५ लाख ८३ हजार र पेश्की बाँकी रु. १ लाख ४ हजार समेत रु २ करोड १ लाख ९८ हजार रहेको छ । नगरपालिकाको गतवर्ष सम्म रु. ३ करोड ६१ लाख २७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ४ करोड ६३ लाख ६३ हजार रहेको छ ।नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्न गल्कोट नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

( जयराम घिमिरे )

**नायब महालेखापरीक्षक**

# गल्कोट नगरपालिका,

# बागलुङ

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ३७ | ४२ | २३१९८ | ० | १५ | ३००२ | ३७ | २७ | २०१९६ | २६८२ | १५५८३ | १८२६ | ० | ० | १७४०९ | १०४ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बागलुङ | ३६१२७ | ० | ११६२६ | २४५०१ | ० | २०१९६ | ४४६९७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | दफा २६ | वढी ग्रेड रकम भुक्तानी | ६४८४८ |
| | | २८ | पदाधिकारीलाई दोहोरो सुविधा | ६०००० |
| | | ४५ | डण्डीमा बढि भुक्तानी | ७८५५ |
| | | ५५ | जिन्सी दाखिला | २७९५४६२ |
| | | ५९ | खर्चको आधार पेश नभएको | ३५१०० |
| | | ६६ | कृषि अनुदानमा लाभग्राहीको लागत कम भएको | २०००० |
| | | ६७ | लाभग्राहीबाट कम लागत सहभागिता भएको | ८६९६ |
| | | ७३ | वहाल कर कम कट्टी भएको | १५०० |
| | | ७५ | पारिश्रमिक कर कम कट्टी भएको | ८३४७ |
| | **चालु वर्षको जम्मा** | | | ३००१८०८ |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | नाम्स अनुसार | नाम्स अनुसार | १३१७५७९ |
| | **२०७७।७८** | नाम्स अनुसार | नाम्स अनुसार | १०३०८३३० |
| | **गत विगतको जम्मा** | | | ११६२५९०९ |
| | **कुल जम्मा** | | | १४६२७७१७ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत ११ वडा, १९४.३९ वर्ग किलोमिटर क्षेत्रफल तथा ३०५८८ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०६।०७ देखि २०८०।०६।११ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय – व्यय र सम्पत्ति तथा दायित्व सम्वन्धी बिष्तृत विवरण अनुसूची -१ मा संलग्न रहेको छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ७६९८२४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | शिक्षकको तलब बढी भुक्तानी | १३०२५७ |
| २ | सामाजिक सुरक्षाको दोहोरो भुक्तानी | ६०८९६७ |
| ३ | कर्मचारीको बैठक भत्ता बढी भुक्तानी | २६६००० |

**लेखापरीक्षणबाट देखिएका व्यहोराहरु**

२ **संचित कोष -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७९।०८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न बमोजिम रहेको छः

| **प्राप्ती भुक्तानी हिसाव** | | | |
|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | |
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ७८५४१८७२४ | ६६०२२७८९५ | ६६०२२७८९५ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ७७८६९८२२३ | ६४८०४७१०६ | ६४८०४७१०६ |
| ११००० कर | १३३२६९००० | १०३९३५४७६ | १०३९३५४७६ |
| १३००० अनुदान | ५९४२१४८८९ | ५३४६१२२८३ | ५३४६१२२८३ |
| संघीय सरकार | ५६८६४५८८९ | ५१२१४२२९५ | ५१२१४२२९५ |
| प्रदेश सरकार | २५०६९००० | २२४६९९८८ | २२४६९९८८ |
| जनसहभागिता | ५००००० | ० | ० |
| १४००० अन्य राजस्व | १२४००००० | ९४९९३४७ | ९४९९३४७ |
| १५००० विविध प्राप्ति | ३००००० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | ३८५१४३३४ | ० | ० |
| ख. अन्य प्राप्ति | ६७२०५०१ | १२१८०७८९ | १२१८०७८९ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० |
| कोषहरु | ६७२०५०१ | ८१२७१४७ | ८१२७१४७ |
| धरौटी | ० | ४०५३६४२ | ४०५३६४२ |

| | | | |
|---|---|---|---|
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ७८५४१९७२४ | ६७३४२१८२७ | ६७३४२१८२७ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७७८६९९२२३ | ६६५९२७२१९ | ६६५९२७२१९ |
| २१००० पारिश्रमिक / सुविधा | १०८५३७००० | ७९०५९७६२ | ७९०५९७६२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १४३२७१००० | १०५५४५२८२ | १०५५४५२८२ |
| २५००० सहायता (Subsidy) | ८८०००० | ७९८५२० | ७९८५२० |
| २६००० अनुदान | २७७९९२००० | २७५४४४०३७ | २७५४४४०३७ |
| २७००० सामाजिक सुरक्षा | १९६१९००० | १४२७२७०३ | १४२७२७०३ |
| २८००० अन्य खर्च | ३७०००००० | ३२८०७०० | ३२८०७०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २२४७००२२३ | १८७५२६२१५ | १८७५२६२१५ |
| घ. अन्य भूक्तानी | ६७२०५०१ | ७४९४६०९ | ७४९४६०९ |
| कोषहरु | ६७२०५०१ | ५६७४४८२ | ५६७४४८२ |
| धरौटी | ० | १८२०१२७ | १८२०१२७ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | -१००० | -१३१९३९३२ | -१३१९३९३२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ४५१६२८३१ | ४५१६२८३१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | -१००० | ३१९६८८९९ | ३१९६८८९९ |
| बैंक तथा नगद बाकी | | ३१९६८८९९ | ३१९६८८९९ |

अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फको आम्दानी तथा खर्चः

| **आम्दानी शीर्षक** | **रकम** | **खर्च शीर्षक** | **रकम** |
|---|---|---|---|
| सामाजिक सुरक्षा भत्ता | १९६९४४०६६ | सामाजिक सुरक्षा भत्ता | १९६९४४०६६ |
| स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ७५००००० | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | ७५००००० |

| | | | |
|---|---|---|---|
| प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (ओखर खेती) | १४०००००० | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (ओखर खेती) | १४०००००० |

३ **वित्तीय विवरण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।०२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन पूर्णरुपमा गरेको पाईएन ।

एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शिर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालु शीर्षकवाट गर्नुपर्नेमा पुजीगत शीर्षक र पुजीगत शीर्षकबाट गर्नुपर्नेमा चालु शीर्षकबाट खर्च भएकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन । अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

४ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सूचना प्रविधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालिन विकास योजना तयार गरी राख्नुपर्ने व्यवस्था छ पालिकाले पूर्णतया कार्यान्वयन ल्याएको पाइएन।

- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

- दीगो बिकास योजना (२०१५-२०३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले गाउपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन।

- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

- मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको देखियो।

- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गरुयोजना वनाउनुपर्नेमा नवनाएको र वार्षिक खरिद योजना तयार गरेता पनि सो अनुरुप खरिद नभएको पाइयो।

- स्थानीय साराकार संचालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मुल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्नेमा ढिला गरी तोकेको देखियो।

- ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन र योजनागत कन्टिन्जेन्सी खर्च सुत्रमा देखिने गरी लेखा राखेको पाइएन।

- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भु-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागु गरेको देखिएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कायक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेको उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन।

• यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शीर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।

• निजामती सेवा ऐन, २०४९ दफा ५(क) बमोजिम कर्मचारीहरुको कार्य विवरण बनाई लागु गर्नुपर्नेमा गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८ (४) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैक् दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछिमात्र दाखिला गर्ने गरेको पाइयो।

• विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको देखिएन।

• बातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसुची बमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिचाई, सडक स्तरोनती लगायतका कार्यमा बातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ बमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको देखियो।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख नराखेको, पालिकाले आयोजना तथा कार्यक्रम छनौट गर्दा उपभोक्ता

समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन।

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन।

• वडाबाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको देखियो।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्पदेखि भएको कार्यको लागत नराखेको कारण एकै योजनालाई एक भन्दा बढी वर्षमा विनियोजन हुन सक्ने देखिएको।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको तथा भएकोमा समेत निस्क्रियताको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति भएको देखिएन,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा कार्यालयमा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको।

• सामाजिक सरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ (घ) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामेसी स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उक्त कार्यविधिको पालना नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धी विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यलयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजानिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्बोधन गर्नुपर्ने उल्लेख भएकोमा सोको पालना भएको देखिएन,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली(PAMS) पुर्ण रुपमा प्रयोगमा नआएको -** पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली पुर्ण रुपमा लागु नगरेको कारण पालिकाको सम्पुर्ण सार्वजनिक सम्पति तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले सार्वजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) पुर्ण रुपमा लागु गरी सार्वजनिक सम्पतिको अभिलेख तथा संरक्षण गर्नुपर्दछ।

६ **त्रैमासिक पूँजिगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगति विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ । जसअनुसार पुँजिगत खर्चमध्ये चौथो त्रैमासिक अवधिमा मात्र कुल खर्चको ५० प्रतिशत खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक तथा आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| क.स. | बजेट उपशिर्षक | त्रैमासिक खर्च | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कुल खर्च | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेश्रो त्रैमासिक | चौथो त्रैमासिक | असार महिना |
| १ | पूँजिगत खर्चतर्फ | १८७५२६२१५ | ४९२३७२५ | १७०५४५९१ | ७१८९९८६५ | ९३६४८०३४ | ६४१५८९३५ |
| | प्रतिशत | १०० | ३ | ९ | ३८ | ५० | ३४ |

७ **आन्तरिक लेखापरीक्षण -** आन्तरिक लेखापरीक्षणः आर्थिक कार्यविधि तथा वित्तीय उदरदायित्व ऐन, २०७६ को दफा ३३ अनुसार नेपाल सरकारका प्रत्येक कार्यलयको कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको कोष तथा लेखानियन्त्रक कार्यालयबाट हुनेछ भन्ने व्यवस्था रहेकोमा कोष तथा लेखा नियन्त्रक कार्यालय बाग्लुङ्गबाट अन्तर सरकारी हस्तान्तरित कार्यक्रम (विषयगत निकायबाट प्राप्त रकम) को आन्तरिक लेखापरीक्षण नभएको र आर्थिक विवरणहरु प्रमाणित गरेको पाइएन । ऐनमा व्यवस्था भए अनुसार आन्तरिक लेखापरीक्षण गरिनुपर्दछ । त्यसैगरी स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । यस स्थानीय तहले २०७९/८० को सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाको सम्पूर्ण आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नगराउनु उचित देखिएन । तसर्थ कानुनमा तोकिए बमोजिम

आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

८ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९ को दफा ७ ख (२) जिल्लास्थित सरकारी कार्यालयले सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था गरेको छ। नगरपालिकाले यस आर्थिक वर्षमा कर्मचारीहरुको तलवमा रु. ७ करोड ६८ लाख ७८ हजार खर्च गरेकोमा उक्त खर्च लेख्नु अगावै ऐनमा भएको व्यवस्था बमोजिम तलवी प्रतिवेदन पारित गराएको छैन। पालिकाले ऐनमा भएको व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नु पर्दछ।

९ **अनुत्पादक एवं वितरणमुखी पूँजिगत खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा नगरपालिका तथा नगरपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। यस पालिकाले वार्षिक बजेटबाट नगरपालिका गित निर्माण, विभिन्न समुहहरुको फर्निचर व्यवस्थापन लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरि खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन। पालिकाले यस्तो खर्च नियन्त्रणगरि सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्नु पर्दछ। केहि व्यहोराः

| भौ न | कार्यक्रम | कामको विवरण | रकम |
|---|---|---|---|
| ९२,२०७९।१०।१० | कोटेमैदान आमा समुह | भवन निर्माण तथा व्यवस्थापन | ९९६०० |
| १२६,२०७९।१०।२४ | मलन आमा समुह | व्यवस्थापन | १५०००० |
| २१६,२०७९।१२।२० | टिमुरबोट आमा समुह | भवन मर्मत तथा व्यवस्थापन | १४९६३० |
| २२१,२०७९।१२।२० | वडा न. ४ का मन्दिर | ८ मन्दिर मर्मत तथा व्यवस्थापन | ९३७९०० |
| २५५,२०८०।०१।०५ | बसन्त ऋतु आमा समुह भवन | रंगरोगन | ९९८०० |
| २७७,२०८०।०१।१७ | ग्रामिण आत्मानिर्भर महिला | भवन निर्माण | २००००० |
| २८९,२०८०।०२।०२ | भुमेस्थान आमा समुह | व्यवस्थापन | ५०००० |
| जम्मा | | | १६८६९३० |

१० **वितरणमुखी खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको

जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। पालिकाले वार्षिक बजेटबाट पर्व संचालन, दर खाने कार्यक्रम, पञ्चेबाजा खरिद लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरि खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन। पालिकाले यस्तो खर्च नियन्त्रणगरि सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्नु पर्दछ। केहि व्यहोराः

| क्र सं | भौ नं/ मिति | खर्चको विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ९४।२०७९।७।३ | आर्थिक सहयोग | नेपाल नगरपालिका संघ | २०००० |
| २ | ११६।२०७९।७।१७ | पर्व संचालन | गौदी युवा क्लव | १५००० |
| ३ | २८९।२०७९।११।१० | नगर प्रमुख शिसु तथा मातृ पोषण कार्यक्रम | चन्द्र वहादुर श्रीस | १५०००० |
| ४ | ३१६।२०७९।११।१८ | मेयर कप भलिवल प्रतियोगिता | शिव खड्का | ९९६४०० |
| ५ | ३३५।२०७९।१२।५ | पर्व तथा मेला संचालन | संगम युवा क्लव | ५०००० |
| ६ | ३३७।२०७९।१२।५ | आर्थिक सहयोग | भारतिय भू पु सैनिक सिजनल क्याम्प | ६०००० |
| ७ | ३४८।२०७९।१२।७ | आर्थिक सहयोग | नेपाल मगर संघ | ९०००० |
| ८ | ४३८।२०८०।१।१३ | घुम्टे सिद्व भैरव पुजा | भिम वि क | ६५५०० |
| १० | ५६२।२०८०।३।४ | संघ संस्था सहायता | लायन्स क्लव अफ बाग्लुङ कालिका | ३५००० |
| ११ | ६१६।२०८०।३।१४ | दर कार्यक्रम | उद्यमशिल आमा समुह | ५११९० |
| १२ | ६२४।२०८०।३।१५ | पंचेवाजा खरिद | चन्द्र कुमारी दमाई | ३१५०० |
| १३ | ६५८।२०८०।३।२० | घाटु नाच | नाच संरक्षण समिति | १४४५७५ |
| १४ | ६६६।२०८०।३।२० | आर्थिक सहयोग | नेपाल कम्न्यूष्ट पार्टी | २०००० |

११ **खाना तथा विविध खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट १८ लाख ५८ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विल मात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा

पालिकामा विषयगत शाखाका कार्यक्रममा खर्च भएको पालिकाले जानाकारी गराएको छ। ।यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१२ **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शीर्षकवाट रु. ३१ लाख ४४ हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ ।

१३ **कल्याण कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ९ लाख ट्रान्सफर गरेको छ । तर १० प्रतिशतले हुन आउने रकम नराखेको कारण त्यस कोषमा कार्यालयको मात्र योगदान देखिएको छ । कार्यालयको योगदान मात्र राखी कल्याण कोष खडा गर्नु उचित देखिएन । कोषको संचालन सम्बन्धी पालिकाबाट एक निर्देशिका तयार भएको जानकारी प्राप्त भएतापनि लेखापरीक्षणको क्रममा उक्त निर्देशिका प्राप्त भएन । ऐनमा भएको व्यवस्थाको विपरीत कर्मचारीले खाईपाई आएको १० प्रतिशत रकम नपठाइ कल्याण कोष सञ्चालन गर्नु उचित देखिएन । कानूनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नुपर्दछ।

१४ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३४ ऐन नियमावली ६, कार्यविधि, मापदण्ड निर्देशिका ४९ वटा निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

१५ **न्यायीक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको ५ गरी कुल ७ विवाद दर्ता भएकोमा ४ वटा मात्र फछ्र्यौट भई ३ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१६ **बिधुत महसूलमा जरिवाना -** बिधुत महसूलमा जरिवानाः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० मा कारोवारको लेखा ठिकसंग नराखेको कारणवाट कुनै किसिमको हानी नोक्सानी वा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ती जिम्मेवार व्यक्तिवाट सरकारी बाँकी सरह असुल उपर गरिने छ भन्ने व्यवस्था रहेको छ। यस कार्यालयले तपशिलका विभिन्न भौचरबाट विधुतको महसूल समयमै भुक्तानी नगरेको कारण कार्यालयलाई थप व्ययभार परेको छ। समयमा महसुल वुझाई छुट

सुविधा लिनुपर्नेमा यसरी जरिवाना तिर्दा राज्यलाई अनावस्यक व्ययभार परेको हुँदा यस्ता पक्षमा कार्यालयले उचित ध्यान दिनुपर्ने देखिन्छ।

| भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| ७०२।२०८०।३।२३ | विधुत महसुलमा जरिवाना | ३१११ |
| ७०८।२०८०।३।२३ | विधुत महसुलमा जरिवाना | २७३१.७४ |
| जम्मा | | ५८४२.७४ |

१७ **क्षेत्राधिकार बाहिरको अनुदान -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नु पूर्ब उक्त जिम्मेवारी आफ्नो कार्य क्षेत्रभित्रको हो होइन यकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस पालिकाले सो कुरा बिचार नगरी तपशिल बमोजिम आफ्नो क्षेत्राधिकार भित्र नपर्ने सरकारी तथा गैरसरकारी निकायको भौतिक संरचना निर्माण कार्य वापत खर्च लेखेको छ। पालिकाले खर्च गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्न अग्रसर हुनुपर्दछ। पालिकाले क्षेत्राधिकार भन्दा वाहिर गई खर्च गरेको अनियमित देखिएको रकम रु

| भौ न | खर्च गरिएको निकाय र कामको विवरण | भुक्तानी रकम |
|---|---|---|
| ८५,२०७९।१०।०९ | इलाका प्रहरी कार्यलय गल्कोट भवनको रंगरोगन | ६९८०० |
| ३३३,२०८०।०२।३२ | ब्रह्म कुमारी इश्वरीइ विद्यालय | २००००० |
| ४०६।२०८०।२।१० | धौलागिरी पोजेटिभ समुह | १००००० |
| ७१५।२०८०।३।२४ | गल्कोट समाज पोखरालाई भवन निर्माण | २००००० |
| ६५६,२०८०।३।२० | मानव सेवा आश्रम बाग्लुङ | ४१२७०० |
| जम्मा | | ९८२५०० |

| | |
|---|---|
| अनियमित भएको | ९,८२,५०० |

१८ **आर्थिक सहायता -** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ।साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै कार्यालयहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ।पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा विभिन्न

भौचरवाट रु. ७७१९००० आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो । पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजिगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशील क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हासिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ।

१९ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | ४६२५०००० | ३४०००७४९ | ५.११ |
| सामाजिक विकास | ४५७६९१३३४ | ४०९२८५६१४ | ६१.४६ |
| पूर्वाधार विकास | १३९६०५८८९ | १११५५१७७८ | १६.७५ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २८११२००० | २०७६९१७४ | ३.१२ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | १०७०४०००० | ९०३१९९०४ | १३.५६ |
| जम्मा | ७७८६९९२२३ | ६६५९२७२१९ | १०० |

२० **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालिन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन।

| **क्र सं** | **विवरण** | **योजना संख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | ३५ | २०१५५०० |
| २ | रु एक लाख एक देखि पाँच लाख सम्मका योजना | २६६ | ५४७६९३५५ |
| ४ | ५ लाख एक देखि १० लाख सम्मका योजना | २२ | १५९४०००० |

| | | | |
|---|---|---|---|
| ५ | १० लाख भन्दा माथिका योजनाहरु | ११ | १९४००००० |
| | जम्मा | ३३४ | ९२१२४८५५ |

२१ **अवण्डा वजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वीत्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। पालिकाले यो बर्ष अन्य सार्वजनिक निर्माण शीर्षकमा रु. १ करोड ५० लाख बजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

२२ **कार्यक्रमगत प्रगति -** पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत प्रतिशत लक्षित प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ अर्थात काम नै गरेको छैन । पालिकाले पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही आयोजनाहरुको व्यहोरा देहायअनुसार छन्ः

| सि.न. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च |
|---|---|---|---|
| १ | ३ नं वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति | ३०,००,०००.०० | ० |
| २ | ३ नं वडा कार्यालय भवन निर्माणको लागि जग्गा प्राप्ति | ५,००,०००.०० | ० |
| ३ | रिघा चौर सामुदायिक भवन | २,००,०००.०० | ० |
| ४ | नगर पालिकाको प्रशासकीय भवन निर्माण | ५,००,०००.०० | ० |
| ५ | मल्म स्वास्थ्य चौकी भवन निर्माण समपुरक | ५,००,०००.०० | ० |
| ६ | रिश्मि सिम्लावोट मोटरवाटो निर्माण | २,००,०००.०० | ० |
| ७ | सडक वोर्ड कार्यक्रम | ५०,००,०००.०० | ० |
| ८ | बालमैत्री कक्ष प्रहरी चौकी र बडा कार्यालयमा | ३,००,०००.०० | ० |

२३ **अधुरो योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौताको अवधि थप गर्न सकिने व्यवस्था छ, नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण समयमा काम सम्पन्न नभएमा पुर्वनिर्धारित क्षतिपुर्ति लिने र नियम १२८ मा खरिद सम्झौताको अन्त गर्न सकिने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० तथा निर्माण सेवा सँग भएको खरिद सम्झौतामा सम्झौताको म्याद थपको लागि काबु बाहिरको परिस्थिति उत्पन्न हुनु पर्ने एवं समयमा कार्य सम्पन्न गर्ने

प्रयास गरेको हुनुपर्ने र २१ दिन अगाडी म्याद थपको निवेदन दिनुपर्ने व्यवस्था छ। पालिकाले समयमै कार्यसम्पन्न गर्नतर्फ ध्यान दिनुपर्दछ।

| क्र.सं. | निर्माण कार्य | निर्माण व्यवसायी | संझौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो बर्ष सम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | गलकोट टेउवा मूर्तीकला सङ्ग्राहलय निर्माण तथा घुम्टे सम्म पहुच मार्ग निर्माण | प्रदिप /जुम्ली /केसी जे भि | २०७८।०४।२४ | २०८१।०६।३० | २७७४२९८० | ७५ |
| २ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | रविना/जुगल जे भी काठमाण्डौ | २०७९।०३।१४ | २०८१।०८।२९ | ३६७७०८५३ | २० |

२४ **सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १३६१ वटा, मृत्युदर्ता ४३१ वटा, बसाईसराई दर्ता २१९, विवाह दर्ता ६०८ वटा र सम्बन्ध बिच्छेद दर्ता ५३ वटा, नाता प्रमाणित १४०७ वटा, नागरिकता सिफारिस २०६३ वटा, घरबाटो सिफारिस २३० वटाको सिफारीस गरी सेवा प्रवाह गरेको देखियो ।

२५ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा कार्यालयले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेश्कीलाई बेरुजू नमानिने व्यवस्था गरेको छ । पालिकाको आर्थिक वर्षको अन्त्यसम्ममा फछ्यौट नभई बाँकी रहेको निम्नानुसारका निर्माण व्यवसायी, व्यक्ति, संस्था तथा उपभोक्ता समितिहरुको नाममा रहेको पेश्की रकम नियमानुसार असूल फछ्यौट गर्नुपर्ने रु

| **गो. भौ. न.** | **पेश्कीको विवरण** | **पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **रकम** |
|---|---|---|---|
| **म्याद ननाघेको** | | | |
| १३७,२०७९।११।०२ | नगर पालिकाको प्रशासकीय भवन निर्माण | रबिना - जुगल जे. भी. | ९९२०००० |

| | | | |
|---|---|---|---|
| १,२०७९।०४।०१ | वडा ६ को भवन निर्माण | के.सी. निर्माण सेवा | २०४६७५ |
| **म्याद नाघेको** | | | |
| १८,२०७९।०६।०५ | मेशिनरी तथा औजार मर्मत सम्भार | तारा बहादुर थापा | २५०० |
| १३१,२०८०।०१।१५ | स्थानीय तहमा क्रियाशिल कामदारलाई सामग्री सहयोग | परिष्मा दर्जि | ७००० |
| ६३१,२०८०।०३।१५ | स्वास्थ्य शिविर संचालन | रत्नमाया सुनार | ९५००० |
| जम्मा म्याद नाघेको | | | १०४५०० |

| | |
|---|---|
| पेश्की | १,०४,५०० |

२६ **वढी ग्रेड रकम भुक्तानी**

***........... (प्रारम्भिक प्रतिवेदन उपर बढी भुक्तानी भएको असुल गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।२२ को निर्णयबाट रु.*** ६४८४८ ***सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२७ **स्थानीय भत्ता -** नेपाल सरकार अर्थ मन्त्रालय २०७१।५।२ को पत्रानुसार २०७१।४।१ देखि लागु हुने गरी क वर्ग देखि ङ वर्ग सम्म विभाजन गरी घ वर्गको सदरमुकाम देखि ६ कोष र सो भन्दा वाहिरको दर उल्लेख गरी स्थानीय भत्ता वितरण गरेको देखियो।तर उक्त परिपत्रमा आधिकारिक व्यक्तिको हस्ताक्षर नभएकोले देहाय अनुसार भुक्तानी गरिएको स्थानीय भत्ता वितरण गर्न मिल्ने देखिदैन। पालिकाले तपशिल वमोजिमको स्थानीय भत्ता भुक्तानी गरेको छ। तसर्थ वढी स्थानीय भत्ता खर्च लेखेको असुल गर्नुपर्ने रु

| **कर्मचारीको नाम** | **पद** | **भुक्तानी गर्नुपर्ने दर** | **भुक्तानी गरेको** | **फरक** | **वार्षिक** |
|---|---|---|---|---|---|
| गंगा बहादुर भुजेल | प्र प्र अ | १७३० | ० | ३५२० | ० |
| रुद्र नारायण सापकोटा | अधिकृत दशौं | १७३० | ५२५० | ३५२० | ४२२४० |
| हरि प्रसाद शर्मा | अधिकृत आठौं | १७३० | ५२५० | ३५२० | ३३४४० |
| तुल बहादुर वि क | अधिकृत सातौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| वल विक्रम दाहाल | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| हरि दत्त सुवेदी | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |

| | | | | | |
|---|---|---|---|---|---|
| कृष्ण प्रसाद खराल | लेखा अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| रामचन्द्र शर्मा | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| शिव खड्का | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| बावुराम शर्मा | सहायक पाँचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| लक्ष्मण कँडेल | सहायक पाँचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| अनिल अर्याल | सहायक पाँचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| पवन ओली | सहायक पाँचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| भगवती चापागाँई | सहायक पाँचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| मन कुमारी सिंजाली | सहायक पाँचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| राजन जि सी | सहायक पाँचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| विनिशा पुन | सहायक पाँचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| सुनिता अधिकारी | सहायक पाँचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| यादव दत्त रेग्मी | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| हेम वहादुर अधिकारी | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| भिम बहादुर घर्ति मगर | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| ठाकुर तिमल्सिना | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| निरु जिरेल | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| मिना पुन थापा | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| शान्ति देवी शर्मा पौडेल | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| सुजन भण्डारी | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| देवेन्द्र चलाउने | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| मनोज रावल | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| मोहन चन्द्र बुमी | सहायक चौथौ | ८५० | 2760 | १९१० | २२९२० |
| धन माया वि क | सहायक चौथौ | ८५० | २७६० | १९१० | २२९२० |
| शुशिल पौडेल | अधिकृत सातौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| कोपिला थापा काउचा | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |

| | | | | | |
|---|---|---|---|---|---|
| गणेश बहादुर सुनार | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| दिलु प्रसाद सुवेदी | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| मिरा शर्मा | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| अनिता कार्की | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| मिन राज गैरे | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| रत्न माया सुनार विश्वकर्मा | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| रिमा वोसेल | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| जगन्नाथ सुवेदी | अधिकृत छैठौं | १३५० | ३९४० | २५९० | ३१०८० |
| चण्डिका सापकोटा वस्नेत | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| जमुना कुमारी कार्की | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| दिल बहादुर श्रीस | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| याम माया राना बुढाथोकी | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| ज्ञानु काउचा थापा | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| ज्ञानु पुन | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| धनि वि क | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| माधुरी नेपाली | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| दिल बहादुर वि क | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| प्रतिक्षा लाम्टाङ्गे | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| संगिता थापा मगर | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| जिवन नेपाली | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| डिल कुमारी थापा पुन | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| बेमा थापा | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| लक्ष्मी घर्ती | सहायक पाचौं | ९३० | ३२१० | २२८० | २७३६० |
| दिल कुमारी पुन | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| चन्द्रा रोका काउचा | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |

| | | | | | |
|---|---|---|---|---|---|
| ज्ञानु काउचा | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| झरना सुनार | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| प्रतिमा पुन | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| ममता थापा मगर श्रीस | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| विष्णु काउचा | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| गंगा पुन | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| हिरा काउछा | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| चित्र श्रीस | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| अञ्जु सुवेदी | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| विरेन्द्र जोशी | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| विकास पुन | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| सृजना घर्ति | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| सुस्मा ढकाल | सहायक चौंथो | ८५० | २७६० | १९१० | २२९२० |
| भिम बहादुर निउरे | कार्यालय सहयोगी पाँचौं | ८५० | २७६० | १९१० | २२९२० |
| जम्मा | | | | | १८७१३६० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १८,७१,३६० |

२८ **पदाधिकारीलाई दोहोरो सुविधा**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु.६०,००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

२९ **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको

माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रतिस्पर्धा नगराई वाह्य जनशक्तिबाट परामर्श सेवा खरिद गरी रु. १७८३१४०।०० खर्च लेखेका छ।

| भौ नं | विवरण | परामर्शदाता | रकम |
|---|---|---|---|
| ४०३,२०८०।०३।२१ | आवधिक योजना तर्जुमा | सस्टेनेवल रिसर्च डेभलपमेन्ट एण्ड म्यानेजमेन्ट कन | ७९१००० |
| ४१९,२०८०।०३।२३ | अनलाइन पेमेन्ट तथा सुचना प्रविधि विकास | जिओसफ्ट टेक्नोलोजी प्रा.लि. | ४९८३३० |
| ४३५,२०८०।०३।२४ | नगरपालिकाको प्रशासकीय भवन | हेवाइल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि. | ४९३८१० |
| जम्मा | | | १७८३१४० |

यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छनः

२९.१ **सेवाको लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्ने अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरालाई आधार मानी लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरेको कारण लागत अनुमान यथार्थ परक छैन।

२९.२ **सोझै खरिद कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७२ र ७० मा बीस लाख रुपैया भन्दा कम रकमको परामर्श सेवा मौजुदा सुचीमा रहेको परामर्शदाताबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सक्ने र बीस लाख रुपैया भन्दा बढीको लागत अनुमान भएका परामर्श सेवा खरिद गर्दा प्रतिस्पर्धा गराई आसय पत्र माग गर्नु पर्ने उल्लेख छ। विभिन्न कार्यको लागि एउटै प्याकेज बनाई प्रतिस्पर्धा गराउन सक्ने अवस्था रहेतापनि सोझै खरिद कार्य गरेको, पालिकाले गरेको परामर्श सेवाको लागत अनुमान वेगर नै परामशर्दाताको दरमा प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्य गरेको देखिन्छ।

२९.३ **वीमा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा कार्यालयले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।

३० **शीर्षक फरक पारी खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१) वमोजिम कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा वजेट तथा कार्यक्रमको सिमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ भने एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४ मा विनियोजित वजेट सम्वन्धित

खर्च शीर्षकमा गर्नुपर्ने उल्लेख छ। नमुना छनौटको आधारमा परीक्षण गर्दा पालिकाले पौषको नगरसभावाट शौचालय निर्माण अन्तर्गत रहेको वजेट फोहोर व्यवस्थापनमा रकमान्तर गरी भौ नं ६२२।२०८०।३।१५ बाट रु ४५०३४८ रकम खर्च लेखेको छ। अत विनियोजित वजेट खर्च गर्दा शीर्षक फरक परेको अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ४,५०,३४८ |

३१ **खर्चको आधार पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्चको आधार र प्रमाण बमोजिम लेखा राखुपर्ने व्यवस्था छ अवलोकन भ्रमण गरेको उल्लेख गरी मामा किचन एण्ड काठमाडौं झोल म म सेन्टरको विल रु १००००० संलग्न राखी खर्च लेखेको नियम सम्मत भएको नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

३२ **रितपूर्वकको कर विजक प्राप्त नभएको -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसंग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकाभित्रको फोहोर व्यवस्थापन गर्नका लागि गल्कोट गार्वेज कलेक्सन एण्ड रिसाईकल सेन्टरसंग मिति २०७९।०५।१३ मा मासिक रु २ लाख ३० हजारको दरले बार्षिक रु २७६०००० मा सम्झौता गरेको छ। तर पालिकाले रकम भुक्तानी गर्दा मू अ कर विल वेगर नै भुक्तानी गरेको पाइयो। सक्कल मू अ कर विजक पेश गर्ने अन्यथा मू अ कर रकम असुल गर्नुपर्ने रकम रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,५८,८०० |

३३ **विल भरपाई भन्दा वढी भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) बमोजिम खर्चको आधार र प्रमाण बमोजिम लेखा राखुपर्ने व्यवस्था छ। भौचर नं १८७।२०७९।९।७ बाट खेलाडी सम्मान तथा प्रोत्साहन कार्यक्रम अन्तर्गत टिम कोच सुरेन्द्र के सी लाई रु १४६३७२ भुक्तानी गर्दा रु १०००० को टिम दर्ता वापतको विल भरपाई नपुग भएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

३४ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधिको उल्लेख गरेको छ। सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। नियमावलीको नियम ७ मा खरिदको गुरुयोजना नियम ८ मा वार्षिक खरिद योजना स्विकृत गराई खरिद गर्नुपर्ने व्यवस्थाहरु रहेका छन। कार्यालयले वार्षिक खरिद योजना बनाई वार्षिक खरिद योजना अनुसार एकै प्रकृतिको समाग्री खरिद गर्दा एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ ले तोकेको खरिद विधी र पक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा सो बमोजिम नगरी पटक पटक देहाय बमोजिम खरिद गरी भुक्तानी गरेको छ। कार्यायले वार्षिक खरिद योजना बनाई प्रतिष्पर्धात्मक तरिकावाट खरिद गर्नुपर्ने रु

| भौचर। मिति | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ५३,२०७९।०८।२९ | मसलन्द तथा कार्यलय सामान | प्रिसा होलसेल सप्लायर्स | ३२३१८० |
| १७८,२०७९।११।२८ | मसलन्द तथा कार्यलय सामान | प्रिसा होलसेल सप्लायर्स | ३९६६६० |
| ९५,२०७९।०७।०३ | मसलन्द तथा कार्यलय सामान | धौलागिरी अफ्सेट प्रेस | २७८७९५ |
| ३०५,२०७९।०६।१३ | मसलन्द तथा कार्यलय सामान | धौलागिरी अफ्सेट प्रेस | २६३२५१ |
| ४१९,२०८०।०१।०७ | मसलन्द तथा कार्लयल सामान | धौलागिरी अफ्सेट प्रेस | ३६१९२७ |
| ६६,२०७९।०६।१३ | मसलन्द तथा कार्लयल सामान | गल्कोट अपसेट प्रेस | २८४३०० |
| ५५४,२०८०।०३।०३ | मसलन्द तथा कार्लयल सामान | गल्कोट अपसेट प्रेस | ७६८०९ |
| ७०१,२०८०।०३।२३ | मसलन्द तथा कार्लयल सामान | न्यू गल्कोट बुक्स एण्ड स्टेशनरी | ५३००० |
| जम्मा | | | २०३७९२२ |

| | |
|---|---|
| अनियमित भएको | २०,३७,९२२ |

३५ **नर्म्सको प्रयोग -** कार्यालयले सडक निर्माण योजना तर्फ विभिन्न निर्माण आइटमको दररेट राख्दा भवन विभागले तयार गरेको नर्म्स बमोजिमको दररेट राखी लागत अनुमान तयार गरेको छ। यस सम्वन्धमा केहि योजना नमुना छनौटगरि परीक्षण गर्दा तपशिल बमोजिमका सडक निर्माणका कार्यमा भवन विभागको नर्म्स राखी लागत अनुमान तयार गरि सोहि बमोजिम मुल्याङ्कन एवं भुक्तानी गरेको छ। कार्यालयले विभिन्न भौ नं वाट उपभोक्ता समितिले कन्क्रिटको काममा तल उल्लेखित घनमिटरको काम भएकोमा सडक विभागको दररेट प्रयोग नगरी भवन विभागको नर्म्स प्रयोग गरेकोले कार्यालयलाई बढी व्ययभार परेको रू.

| भौ नं | उपभोक्ता समितिको नाम | विवरण | परिमाण (घ.मि) | भवन विभागको दर | सडक विभागको दर | फरक रकम |
|---|---|---|---|---|---|---|
| ३० | वडा कार्यलय जाने मोटरबाटो निर्माण योजना उ.स. | P.P.C 1:2:4 | १०.११ | १२१२९.६ | ९७०३.२७ | २४५३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६० | मध्यपहाडी लोकमार्ग देखि वडा न. ९ को स्वास्थ्य इकाइ जाने बाटो उ.स. | P.P.C 1:2:4 | ३३.४८ | १२७७५.१५ | १०३४८.८२ | ८१२३३ |
| ६५ | मध्यपहाडी लोकमार्गदेखि बज्रमोर मोटरबाटो उ.स. | P.P.C 1:2:4 | १०.२४ | १३४९८.३५ | ११०७२.०२ | २४८४५ |
| ७७ | नौविसे जामुनडाँडा पैयुडाडा ढलेपिपल मोटरबाटो ढलान उ.स. | P.P.C 1:2:4 | १३९.६१ | १२०८५.९ | ९६५९.५७ | ३३८७४० |
| ८० | मल्म जनहित भल्साङ पाण्डखानी सडक उ.स. | P.P.C 1:2:4 | १०.९८ | १२९४४.७० | १०५१८.३७ | २६६४० |
| | | P.P.C 1:3:6 | ४.८ | १०४४१.६ | ९००९.२४ | ६८७५ |
| | | P.P.C 1:1.5:3 | ५४.२८ | १८००२.९५ | १२२९२.७५ | ३०९९५० |
| ८८ | भिररबारी पैयुडाडा जस्पुर सल्लेभिर बाटो निर्माण | P.P.C 1:2:4 | २१.७२ | १३११८.१० | १०६९१.७७ | ५२७०० |
| १२५ | घट्टेखोला माम्ले मोटरबाटो स्तरोन्नति उ.स. | P.P.C 1:2:4 | ११.०७ | १२१८२.५५ | ९७५६.२२ | २६८६० |
| १२८ | पाइलेश्वर थापाटोल सर्दाखेत सिद्धथान मोटरबाटो स्तरोन्नति | P.P.C 1:2:4 | ८.०२ | १२२५४.३८ | ९८३०.०५ | १९५०० |
| १४९ | ज्यामिरे खोला धुस्तुङ ढलेपिपल मोटरबाटो स्तरोन्नति उ.स. | P.P.C 1:2:4 | १२.२९ | १२१८२.५५ | १०७५०.१९ | २९८२० |
| | | P.P.C 1:1.5:3 | ३.०८ | १६४८७.७५ | १०७७७.५५ | १७५८५ |
| १५५ | घट्टेखोला नुवाकोट देउपुजे ठूलाचौर पाखापानी मुलाछनै राउन्ने पानीदेखि देउरालीसम्म मोटरबाटो मर्मत उ.स. | P.P.C 1:2:4 | ११.०५ | १३१०७.६० | १०६८१.२७ | २६८१० |
| १६१ | खरुवा मा.वि. बौर मोटरबाटो वडा कार्यालय देखि स्वास्थ्य चौकी मा.वि. ढलान | P.P.C 1:2:4 | ८३.८४ | १२१५९.१५ | ९७३२.८२ | २०३४२३ |
| १९४ | गल्याङ कालीमाटी मोटरबाटो स्तरोन्नति | P.P.C 1:2:4 | ११.५६ | १२१८२.५५ | ९७५६.२२ | २८०४८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०७ | नरेठाटी ग्रामिण सडक मर्मत सम्भार एव स्तरवृद्धि | P.P.C 1:2:4 | १३.४८ | १३६४३.६ | ११२१७.२७ | ३२७०६ |
| २२५ | भैसेगेटदेखि मनडाँडा सर्डाखेत मोटरबाटो | P.P.C 1:2:4 | ७२.१९ | ११६५१ | ९२३५ | १७५१३२ |
| २३१ | डाँडाखेत भित्री मोटरबाटो ढलान | P.P.C 1:2:4 | २२.२३ | ११४५९ | ९०३३ | ५३९२९ |
| २३९ | वडा कार्यालय जाने मोटरबाटो नाली निर्माण | P.P.C 1:2:4 | १६.४६ | १२१६६ | ९७४० | ३९९३० |
| २४४ | लोप बरेखानी गोडडाला मोटरबाटो स्तरोन्नति | P.P.C 1:2:4 | ५३.९९ | १२८६२ | १०४३६ | १३०९८० |
| २४९ | दिस्भाङखोलादेखी बाँसपोखरा सम्म मोटरबाटो | P.P.C 1:2:4 | ३७.०५ | ११६५१ | ९२३५ | ८९८८३ |
| २५७ | काफल ठुटा माम्रेखोला मोटरबाटो | ढुङ्गाको गारो | २७.७ | ९९८७ | ७८२३ | ५७५६२ |
| ३०१ | ज्यामिरेखोला धुस्तुङ ढलेपिपल मोटरबाटो स्तरोन्नति | P.P.C 1:2:4 | २१.४० | ११४५९ | ९०३३ | ५१९१६ |
| ३०७ | सहकारीचोक अर्मला मोटरबाटो ढलान | P.P.C 1:2:4 | ३०.१५ | १३५६२ | १११३६ | ७३१४३ |
| ३४२ | जरिखेत पिपलडाडा दडविसे सडक | P.P.C 1:2:4 | ३१.६३ | ११५०७ | ९०८१ | ७६७३५ |
| ३४५ | खहरेखोला मोटरपुल निर्माण | P.P.C 1:2:4 | १४.७४ | १३०१० | १०५८४ | ३५७६० |
| | | ढुङ्गाको गारो | २७.०१ | ९२७० | ७०६८ | ५९२७८ |
| ३६३ | भाटी सिखोर मोटरबाटो निर्माण | P.P.C 1:2:4 | १०.३२ | १२२८६ | ९८६० | २५०३६ |
| ३६६ | गल्या चालिसेटोला ज्यामिरे थालापोखरा मोटरबाटो | P.P.C 1:1.5:3 | ६ | १८११५ | १२४०५ | ३४२६० |
| ३८० | जमुनडाँडा बैरापधेरा घुम्ती मर्मत | P.P.C 1:2:4 | ९.५४ | १२०८५ | ९६५९ | २३१४४ |
| जम्मा | | | | | | २१७६९५३ |

| | |
|---|---|
| अनियमित भएको | २१,७६,९५३ |

३६ **उपभोक्ताको विलभरपाई -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.न. ५२,२०९७९।०८।२९ मा पुल्चोक समसानघाट मोटरबाटो स्तरबृद्धि तथा घाट भुक्तानी गर्दा नदीबाट ग्रावेल झिकी विछ्याउने काम ५८.४६ घ.मि. को रु.१५५० का दरले भुक्तानी दिएको देखिन्छ। उपभोक्ता समितिको खर्च सम्बन्धी भौचर र फाँटवारी परीक्षण गर्दा २६.६ घ. मि. को मात्र विल भरपाई पेश भएको छ। उपभोक्ता समितिले निर्माण सामाग्री खरिद गरि प्रयोग गरेको पुष्टी गर्ने विल भरपाई तथा खर्च प्रमाणित गर्ने कागजात संलग्न छैन। ३१.८६ घ.मि. को बिल भरपाई बेगर रु. ४९३८३ भुक्तानी दिएकोले यस सम्बन्धमा अन्तिम मुल्याङ्कन बमोजिम कार्यसम्पादन भए वा नभएको एकिन हुने गरी प्राविधिक नापजाँच गरी खर्चलाई पुष्टी गर्ने विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४९,३८३ |

३७ **मेसिनले काम गरेको काममा मानिस प्रयोगको मुल्याङ्कन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएका केहि आयोजनाको नमुना छनौंट गरी परीक्षण गर्दा तपशिल बमोजिमका योजना सम्बद्ध फाँटवारीमा मेसिन प्रयोग भएको विल संलग्न हुनुका साथै कार्यस्थलमा मेसिनले काम गरिरहेको देखिन्छ। यसरी मेसिन प्रयोग गरी बाटो खनेको काममा मानिस प्रयोग गरेको देखाई भुक्तानी दिएको छ। मेसिनबाट गरिएको काममा मानिस प्रयोग गरिएको दरले बढि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| भौ न | कामको विवरण | परिमाण घ मि | मुल्याङ्कन दर | हुनुपर्ने दर | बढि भुक्तानी दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|
| १३४ | सम्मानघाट मर्मत तथा भलाबोट भल व्यवस्थापन | २८.८ | ५९१.२२ | ८४.७५ | ५०६.४७ | १४५८६ |
| १५० | काफलठुटा मोटरबाटो | १५ | ६७५.६८ | ९०.४ | ५८५.२८ | ८७८० |
| १६५ | सहिदगेट चरौदी नेपाने कायस मोटरबाटो | १३.३७ | १३०३६ | १२०४१ | ९९५ | १३३०३ |
| जम्मा | | | | | | ३६६६९ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,६६९ |

३८ **कार्यालयको काम उपभोक्ता समितिमार्फत गराएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दीगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १२ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहायअनुसार रु २२६४४७५ खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दीगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु अनियमित देखिएको रु.

| भौ नं. मिति | कामको विवरण | उपभोक्ता समिति | भुक्तानी रकम |
|---|---|---|---|
| १८०,२०७९।११।२८ | सभा हल निर्माण | सभा हल निर्माण उपभोक्ता समिति | १०६२६५९ |
| ३२८,२०८०।०२।३२ | वडा न. ७ कार्यलयको तला थप | वडा भवनको तला थप उ.स. | ७९८००० |
| ३५६,२०८०।०३।१२ | वडा न.१ कार्यलय भवन निर्माण | वडा कार्यलय भवन निर्माण उ.स. | ४०३८१६ |
| जम्मा | | | २२६४४७५ |

| | |
|---|---|
| अनियमित भएको | २२,६४,४७५ |

३९ **उपभोक्ता समितिमार्फत खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दीगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । पालिकाले देहायका विभिन्न भौ नं बाट उपभोक्ता समितिबाट बाजा खरिद गरी पञ्चेबाजा, खेलकुद सामग्री लागायत खरिद गरेकोले उपभोक्ता समितिलाई रु. ६०८७०० भुक्तानी गरेको देखिन्छ। यसरी उपभोक्ता समितिमार्फत खरिद गरी भुक्तानी दिएको रकम अनियमित देखिएको रु.

| गो भौ नं / मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३३१।२०७९।११।२८ | खेलकुद सामाग्री तथा डस्टविन खरिद | खेलकुद विकास तथा फोहोरमैला व्यवस्थापन समिति | १५०००० |
| ३३३।२०७९।११।२८ | खेलकुद सामाग्री खरिद | खेलकुद प्रवर्द्धन कार्यक्रम योजना समिति | ९८७०० |
| ३३८।२०७९।१२।५ | वाजा खरिद | झारमौरा मगर वाजा खरिद समिति | ९०००० |

| | | | |
|---|---|---|---|
| ३७७।२०७९।१२।२० | वडा कार्यालयमा फर्निचर तथा हरिचौर वजारमा गमला वितरण | हरिचौर वजार गमला वितरण उपभोक्ता समिति | १५०००० |
| ६१६।२०८०।३।१४ | पंचेबाजा खरिद | भूमिस्थान पंचेबाजा समूह | १२०००० |
| जम्मा | | | ६०८७०० |

| | |
|---|---|
| अनियमित भएको | ६,०८,७०० |

४० **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकले भौ.न. ७६,२०७९।१०।०४ मा बेसारेरुख खड्काको थान सिचाई कुलो मर्मत तथा वरेखानी सिचाई पाइप मर्मतको कामको भुक्तानी गर्दा पिसिसि १:२:४ को काम १२.८७ घ.मि. को रु. १२९८८ का दरले दिनुपर्नेमा रु.१३६६८ का दरले भुक्तानी दिएकोले प्रति घ.मि. रु. ६८० का दरले बढी भुक्तानी भएको रकम रु. ८७५० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,७५० |

४१ **रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाट -** रोजगारी सिर्जना नहुने काम उपभोक्ता समितिबाटः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दीगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । यस अतिरिक्त सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्य उपभोक्ता समितिमार्फत गराउन नहुने उल्लेख छ । यस नगरपालिकाले प्राविधिक ज्ञान र विभिन्न निर्माण उपकरण आवश्यक पर्ने सडक कालोपत्रे काम समेत उपभोक्ता समिति मार्फत सम्पन्न गराएको छ, जसमा विभिन्न निर्माण व्यवसायीका हेभी इक्यूपमेन्ट्स तथा उपकरण प्रयोग गरीएको छ। यसरी उपभोक्ता समितिमार्फत काम गराउदा प्रतिस्पर्धा नभई मितव्ययी नहुने, प्राविधिक ज्ञानको अभावमा कामको गुणस्तर पक्ष कमजोर रहने, पुर्ण रुपमा मेशिन प्रयोग गरी कार्य गराउदा रोजगारी श्रृजना नहुने अवस्था देखिदा यसरी गरेको कार्य ऐनमा भएको व्यवस्थाको प्रतिकुल रहेको देखिन्छ।निर्माण कार्यको गुणस्तर र दीगोपना सुनिश्चित गर्न यस किसिमका कार्य नियन्त्रण गर्न पालिकाले ध्यान दिनुपर्दछ । केहि व्यहोराः

| **भौ नं** | **निर्माण योजना** | **मेसिन प्रयोग** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ६१ | पिडाल्ने देउखर्क धुस्तुङ जोडने लिङरोड | न्यू गोरखा निर्माण सेवा | ३००००० |
| ११३ | वडा स्तरीय सडक योजना | ओसाका निर्माण सेवा | २००००० |
| १३० | रुग्टा खरुवा पत्थरे गोईदरा भुसुने राउन्नेपानी सम्म मोटरबाटो | असल निर्माण सेवा | २००००० |
| १३८ | बसाहघाट मसार ठुलाथर मोटरबाटो | के.सी. कन्स्ट्रक्सन | १९९५०० |
| १५० | काफलठूटा मोटरबाटो | के.सी. कन्स्ट्रक्सन | १२४७०० |

| | | | |
|---|---|---|---|
| १६७ | सतिपोखरी मोटरबाटो | प्रशन्न मल्टी बिजनेश प्रा.लि. | २००००० |
| १६८ | मध्यपहाडी राजमार्ग हुदै सिद्धथान सम्म मोटरबाटो | विपशा एण्ड बिनम्र कन्स्ट्रक्सन | ८००००० |
| २२५ | भैसे गेटदेखि मनडाँडा खर्डाखेत मोटरबाटो | विष्णु निर्माण सेवा | ४१४२८५ |
| २२८ | मोटरबाटो सरसफाई | ओसाका निर्माण सेवा | ३००००० |
| २४१ | दुङ्गिल बाटो योजना | सिद्ध कन्स्ट्रक्सन प्रा.लि. | १२००००० |
| २४७ | किराखोर थुम्का लामखोरिया ग्रामिण सडक निर्माण | प्रशन्न मल्टी बिजनेश प्रा.लि. | ३११९९३ |
| २४८ | टोड्के कटौजे मोटरबाटो उ.स. | आसा निर्माण सेवा | २२५५१८ |
| २६७ | कृषि सडक ठुलो पोखरी भिरपाखा किटनी सम्म जोडने बाटो | बडिगार्ड कन्स्ट्रक्सन प्रा.लि. | ३००००० |
| २७३ | मनेवा तिनखन्ने हुदै सानो रिघा जोडने मोटरबाटो | न्यू गोरखा निर्माण सेवा | ६३११९० |
| २८८ | फुलिकाटे औलखानी मोटरबाटो | न्यू गोरखा निर्माण सेवा | १२४००० |
| ३१६ | वडा न. ५ मोटरबाटो योजना | के.सी. निर्माण सेवा | १५०००० |
| ३१७ | बतासे फुलबारी मोटरबाटो निर्माण | विष्णु निर्माण सेवा | ४००००० |
| ३५२ | चिहानडाडा पात्लेखोला देउराली मोटरबाटो | ओसाका निर्माण सेवा | १५५३९३ |
| ३५३ | वडा न. को चौराहा रुपाखानी मोटरबाटो | न्यू गोरखा निर्माण सेवा | २५०००० |
| ३६४ | रिघा गोठलाङ मल्म पाण्डवखानी मोटरबाटो | ढोरपाटन कन्स्ट्रक्सन प्रा.लि. | २८४६०६६ |
| जम्मा | | | ९३३२६४५ |

४२ **ननफाइलर -** मुल्य अभिबृद्धि कर ऐन, २०५२ मा भुक्तानीमा प्राप्त मुल्य अभिबृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तारिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले प्रशासकीय भवन निर्माणका लागि ठेक्का न. ०५।२०७८-७९ मा रबिना जुगल जेभीसँग सम्झौता गरी भौ.न. ४,२०८०।०३।२३ र ४११,४३०,२०८०।०३।२२ मुल्य अभिबृद्धि कर रु.१६७३५४८।०० समेत रु. १४५४७००।०० भुक्तानी गरेकोमा आन्तरिक राजश्व विभागको वेभसाइटमार्फत (कर विजक नं ६१८२३३७८४) प्यान सर्च गरि हेर्दा उक्त निर्माण कम्पनी मिति २०७९।M।३ देखि लेखापरीक्षण अवधिसम्म (२०८०।०६।१२) ननफाइलर रहेकोले मु अ कर वापतको रु.१६७३५४८ रकमको सम्वन्धित आन्तरिक राजश्व कार्यालयवाट जारी भएको मु अ कर समायोजन पत्र पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६७,१२१ |

४३ **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले भौ.न. ५२,२०७९।०८।२९ मा पुल्चोक समसानघाट मोटरबाटो स्तरबृद्धि गर्ने काममा बोल्डर मिक्स माटो खन्ने कामको प्रति घनमिटर रु. ६५७.४८ का दरले भुक्तानी गर्नुपर्नेमा रु. ८४४.६० का दरले २९.५५ घ.मि. भुक्तानी दिएकोले बढी भुक्तानी रु.१८७.१२ का दरले रु. ५५३० रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,५३० |

४४ **ट्याक कोटमा बढी भुक्तानी -** भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को टेवल नं १३.१० मा ट्याककोट प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर सम्म छर्ने मिल्ने उल्लेख गरेको छ। पालिकाले न्यू गोरखा निर्माणसँग देहायका योजनामा सडक विभागको स्पेशिफिकेशन भन्दा बढी ०.७३५ का दरले ट्याककोट छर्की भुक्तानी दिएकोले बढी भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| भौ.न. | योजनाको नाम | भुक्तानी परिमाण | हुनुपर्ने परिमाण | फरक परिमाण | भुक्तानी दर | भुक्तानी दर |
|---|---|---|---|---|---|---|
| ३०२ | वडा ४ को कार्यलय जाने सडक कालोपत्रे | १४०१.४४ | ११४४.०३ | २५७.४१ | १०५ | २७०२८ |
| ३०६ | | १३९.५१ | ११३.८८ | २५.६३ | १६० | ४१०० |
| जम्मा | | | | | | ३११२८ |
| मु.अ.कर | | | | | | ४०४६ |
| कुल जम्मा | | | | | | ३५१७४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३५,१७४ |

४५ **डण्डीमा बढि भुक्तानी**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०/१२/२१ को निर्णयबाट रु.७,८५५ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४६ **ग्याविनको काममा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक भएको कामको प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले भौ. न.

१०४,२०७९।१०।२८ मा दलित मोटरबाटो स्तरोन्नतिको काममा ग्याबिन जालीमा ढुङ्गा भर्ने काम २४.५ घ.मि. भएकोमा ३१.५ घ.मि. को रु. ४९१३.५ का दरले भुक्तानी भएको छ। यसरी ७ घ.मी. बढी भुक्तानी भएकोले रु.३४३९५ रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३४,३९५ |

४७ **माटो खन्ने काममा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकले भौ.न. १२२,२०७९।१०।२४ मा नरम माटो खन्ने कामको म्यान्युल रु. ६५६.४८ हुनुपर्नेमा रु. ८४४.६० का दरले ५०.४४ घ.मि. कामको भुक्तानी भएको देखिन्छ। यसरी रु. १८८.१२ का दरले बढी भुक्तानी रकम रु. ९४८८ असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,४८८ |

४८ **पाइप लाइनको खन्ने काममा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकले भौ.न. २८६।२०८०।०२।०१ बाट गौडाखोला खानेपानी मर्मत योजनामा पाइप लाइन खन्ने काममा २०.२५ घ. मि. मात्र हुनुपर्नेमा ४०.५ घ.मि. को रु. ६७५.६८ का दरले भुक्तानी गरेको देखिन्छ। यसरी २०.२५ घ.मि. को रु. १३६८२ बढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,६३२ |

४९ **जिल्ला दररेट भन्दा बढीमा भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले भौ.न. ३२८।२०८०।०२।२२ बाट वडा न. ७ को वडा कार्यलयमा तला थप वापतको भुक्तानी गर्दा २६ गेजको जस्ता (०.४१मिमि) खरिद गर्दा जिल्ला दररेट भन्दा बढीमा खरिद गरी भुक्तानी दिएको देखियो। ०.४१ मिमि २६ गेजको जिल्ला दररेटमा १५५१ वर्गमिटर रहेकोमा १६३२ वर्गमिटरको दरले भुक्तानी गरेकोले बढी भुक्तानी ९६.९० वर्गमिटरको रु ८१ का दरले रु ७८५० रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८५० |

५० **मुर्तिकला संग्राहलय निर्माण -** गल्कोट नगरपालिका वडा नं ५ टेउवा स्थित मुर्तिकला संग्राहलय निर्माण गर्न तथा घुम्तीदेखि टेउवासम्म सडक निर्माण गर्न लागत अनुमान रु ५६९५०३३३.१८ भएको काम रु ४०२२८०३७.४० र प्रोभिजन सम वापत रु ६२०००० समेत रु ४०८४८०३७.४० मूल्य अभिवृद्धि कर वाहेकमा ठेक्का नम्वर Municipality/NCB/03/2077.78 का निर्माण व्यवसायी प्रदीप/जुम्ली जे भी संग २०७९।११।२५ भित्र कार्य सम्पन्न गर्ने गरी २०७८।४।२४ मा सम्झौता भएको थियो।उक्त निर्माण व्यवसायीलाई गत वर्ष रु ९३५८६२९ र यो वर्ष गत वर्षको भुक्तानी दिन बाँकी रु १६०१७०३ समेत रु १०९६०३३२ र यो वर्ष रु १३१८२६४७ समेत गरी हालसम्म रु २४१४२९७९ भुक्तानी भैसकेको

छ। उक्त कामको लागि यो वर्ष वजेट व्यवस्था नभएको र सो कामको म्याद थप समेत भएको देखिदैन। यसरी कार्य सम्पन्न नगरी बीचैमा योजना अँधुरो अवस्थामा रहेको देखियो। वहुवर्षिय योजना संचालन गर्दा श्रोतको सुनिश्चितता गरेर ठेक्का व्यवस्थापन गर्नुपर्नेमा सो समेत गरेको देखिएन। पालिकाले हालसम्म म्याद थप नगर्ने निर्माण व्यवसायीलाई नियमानुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाई म्याद थप गरी अधुँरो रहेको निर्माण सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ।

५१ **दुधिलाभारी झोलुङ्गे पुल -** उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माण सम्वन्धी कार्य गराँउदा सोही आर्थिक वर्षमा सम्पन्न हुने गरी कार्य गर्नु पर्दछ। पालिकाले भौ नं ७७ मिति २०८०।३।२४ बाट दुधिलाभाटी झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अन्तर्गत नगरपालिकाबाट रु ३९३७४७.१० समुदायवाट रु ६०५७६.४७ र केन्द्रको अनुदान (SWAP) वापत रु २५७४५००.३३ समेत रु ३०२८८२३.९२ मा उपभोक्ता समिति मार्फत कार्य भएको देखियो। उक्त दुधिलाभारी भोलुङ्गेपुल क्षेत्रगत कार्यक्रमको लागि प्रथम रनिङ विल वापत रु २७८४७० भुक्तानी भएको देखियो तर कार्य सम्पन्न भएको देखिएन। कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्दछ।

५२ **जिल्ला दरभन्दा बढी दरमा भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले भौ नं ३५।२०७९।०८।१३ बाट घोडाबाधे व्यारेकलाई फलामको कालो पाइप खरिद गरी भुक्तानी गर्दा जिल्ला दररेट भन्दा बढीले भुक्तानी गरेको छ। कालो फलामे पाइपको जिल्ला दररेटमा दर मु अ कर समेत रु. ११३ रहेकोमा १३७७.९० केजीको भुक्तानी रु. १३७ का दरले गरेको देखियो। यसरी प्रति केजी रु. २४ का दरले बढी भुक्तानी भएको रकम रु. ३३०७० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,०७० |

५३ **बालमैत्री घोषणा कार्यक्रम -** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।३।८ को पत्रानुसार साथै दीगो विकासको लक्ष्य अनुसार नेपाल सरकारले २०८७ सम्ममा सवै स्थानीय तहले वालमैत्री पालिका घोषणा गर्ने नीति अनुरुप गल्कोट नगरपालिकाले आर्थिक वर्ष २०७७।७८ बाट शुरु गरी आर्थिक बर्ष २०७९।८० मा ५१ वटा सूचक पूरा गरी २०८०।२।१३ मा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशको माननीय मन्त्री शुशिला सिंखडाज्यूको प्रमुख आतित्यथामा बालमैत्री नगरपालिका घोषणा भएको देखिन्छ। बालमैत्री घोषणा गर्ने प्रकृयामा यस आर्थिक वर्षमा पालिकाले रु ३१०५६७८ खर्च गरेको पाइयो। पालिकाले बालमैत्री नगर घोषणा गरेर मात्रै हुदैन घोषणा भईसकेपछिको बालबालिकाको अवस्था कस्तो छ, बालमैत्री घोषणा गर्नका लागि पूरा गरिएका ५१ वटा सूचकको अवस्था कस्तो छ, यस्ता पक्षमा निरन्तर अनुगमन गर्नुपर्नेतर्फ पालिकाले विशेष ध्यान नदिई खर्च गरेको छ। बालमैत्री घोषणा गर्नका लागि सूचकको अवस्थाको अनुगमन गर्नुपर्नेमा गरेको पाईएन।

५४ **नमुना विद्यालय -** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को कृयाकलाप नं मा विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान दिने व्यवस्था छ। सोही क्रियाकलापको प्रगति सूचकमा विद्यालयले कार्यक्रम सम्पन्न भएको प्रगति पालिकामा पेश गर्नुपर्ने तथा सोही अनुरुप कार्य भए नभएको सम्वन्धमा पालिकाबाट अनुगमन हुनुपर्दछ। पालिकाले यो वर्ष रु ३०००००० खर्च लेखेको छ। उक्त अनुदान रकमबाट विद्यालयले प्रस्ताव

अनुसार कार्य गरे नगरेको सम्वन्धमा पालिकाबाट अनुगमन गरेको प्रतिवेदन तालुक निकायमा तोकिए वमोजिमको ढाँचामा पेश गरेको देखिएन। तसर्थ कार्यक्रम कार्यान्वयन पुस्तिकामा तोकिए वमोजिम पालिकाबाट अनुगमन गरी प्रस्ताव अनुसार कार्य भएको प्रमाण पेश हुनुपर्दछ।

५५ **जिन्सी दाखिला**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु. २७,९५,४६२ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५६ **अस्थाई शिक्षक नियुक्ती** - भौ नं ५७५ मिति २०८०।०३।०६ बाट नगर नमुना विद्यालय कार्यक्रम अन्तर्गत घुम्टे प्राथमिक विद्यालयमा अस्थायी प्रा वि शिक्षकको रुपमा अन्जली वोहोरालाई नियुक्ती गरी मासिक रु १२००० का दरले बार्षिक रुपमा रु १४४००० भुक्तानी भएको पाईयो। पालिकाले अस्थायी शिक्षक नियुक्ती गरी भुक्तानी गरेको नियमित नभएको रकम रु

| | |
|---|---|
| अनियमित भएको | १,४४,००० |

५७ **पाठ्यपुस्तक वापतको वढी भुक्तानी** - कार्याक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं २.४.६.१. बमोजिम सार्वजनिक विद्यालयका कक्षा १-१२ सम्म अध्ययनरत विधार्थीको IEMIS मा प्रविष्टि तथ्याङकलाइ प्रमाणित गरि एकिन सङख्याको आधारमा निशुल्क पाठयपुस्तक अनुदान निकासा दिने व्यवस्था छ। पालिकाभित्रका सार्वजनिक विद्यालयहरुमध्ये नमुना छनोटको आधारमा केही विद्यालयहरुको IEMIS तथ्याङ्क र निकासा रकम परीक्षण गर्दा गल्कोट माद्यमिक विद्यालयमा बढी रकम निकासा भएकोले सम्बन्धित विधालयबाट असूल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,२८२ |

५८ **नमुना विद्यालय** - नमुना विद्यालयको लागि गल्कोट मा वि लाई पालिकाले रु ३०००००० खर्च गरेको देखियो। उक्त खर्च रकम गर्दा विद्यालयले नमुना विद्यालयले खर्च गर्दा देहायका व्यहोरा पालन गरेको देखिएनः

• विद्यालयले अभिभावक र विद्यार्थीलाई दिनुपर्ने प्रत्येक विधार्थीको सिकाई उपलव्धि सम्वन्धी प्रगति विवरण पठाएको देखिएन,

• नमुना विद्यालयको लेखापरीक्षण प्रतिवेदन तथा सामाजिक लेखापरीक्षण पेश गरेको नदेखिएको,

• विद्यालयले विद्यार्थीको सिकाई उपलव्धि र विद्यालयको कार्य सम्पादन परीक्षण प्रतिवेदन तथा आन्तरिक कृयाकलाप सम्वन्धी प्रतिवेदन पालिकामा पठाउने नगरेको।

५९ **खर्चको आधार पेश नभएको**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु. ३५,१०० सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६० **असम्वन्धित कार्यमा खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५७ मा लेखा राख्दा सो लेखा प्रमाणित गर्ने विल भरपाई तथा अन्य कागजात सिलसिलावद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ। विद्यालयले क्यान्टिनमा विद्यार्थीहरुले खाना खाएको उल्लेख गरी चमेना गृहको रु १००००० खर्च लेखेकोमा उक्त खर्च लेख्न मिल्ने स्पष्ट आधार नभएको रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

६१ **प्रशिक्षण भत्ता -** अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७५ अनुसार प्रशिक्षक भत्ता भुक्तानी हुनुपर्दछ। पालिकाले सो अनुसार नगरी फरक ढंगबाट प्रशिक्षक भत्ता वितरण गरेकोमा देहायका कर्मचारीलाई बढी भुक्तानी गरेको रकम रु. १०८०० असुल गर्नुपर्ने रु.

| नाम थर | हुनुपर्ने | भएको | कक्षा | वढी |
|---|---|---|---|---|
| महेन्द्र प्रसाद लामिछाने | २५०० | ३४०० | ९ | ८१०० |
| जुनादेवी पुन | २५०० | ३४०० | ३ | २७०० |
| जम्मा | | | | १०८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८०० |

६२ **विपन्न स्वास्थ्य वीमा कार्यक्रम -** स्वास्थ्य वीमा नियमावली २०७५ को नियम १६ (१) मा स्वास्थ्य वीमा कार्यक्रममा आवद्धताको लागि मापदण्ड सम्वन्धी व्यवस्था छ। जस अनुसार प्रचलित कानून बमोजिम अति गरिबको परिचयपत्र प्राप्त परिवारको योगदान रकमको शतप्रतिशत, अति अशक्त अपाङ्गता, कुष्ठरोगी, एच.आई.भी. सङ्क्रमित, जटिल खालका क्षयरोग (एम.डि.आर.टि.बि.) बिरामी भएकाको परिवारको योगदान रकमको शतप्रतिशत, सत्तरी वर्ष उमेर पुगेका जेष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत, महिला स्वास्थ्य स्वयंसेविका संलग्न भएको परिवारको योगदान रकमको पचास प्रतिशत खर्च पालिकाले व्यहोर्न मिल्ने उल्लेछ छ,पालिकाले यस आर्थिक बर्षमा वडा कार्यालयको सिफारिस तथा वडा समितिको निर्णयअनुसार प्रति वडा बाट १५ घरपरिवारलाई छनौट गरी जम्मा १६५ घरपरिवारको प्रति परिवारको रु ३५०० को दरले स्वास्थ वीमा सम्पन्न गरेको देखिन्छ। पालिकाले विपन्न स्वास्थ्य वीमा कार्यक्रमका लागि जम्मा रु ६ लाख खर्च गरेको छ। यस्ता प्रकृतिका खर्चहरु गर्दा पालिकाले वास्तविक लक्षित बर्गलाई समेट्ने गरी पालिकास्तरीय सिफारिस समितिद्वारा सिफारिस गराई निश्पक्ष ढंगले संचालन गर्ने तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

६३ **स्वास्थ चौकीको लेखापरीक्षण -** पालिकाले शशर्त खर्च शीर्षकबाट लेखापरीक्षण शुल्क तिर्न मिल्ने कानूनी आधार छैन। पालिकाले भौ नं २०३ मिति २०८०।३।११ बाट रिघा स्वास्थ्य चौकीको लेखापरीक्षण शुल्क वापत रु ५००० खर्च लेखेकोमा खर्च लेख्न मिल्ने कानुन आधार नभएकोले खर्च गर्न मिल्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु ५०००

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,००० |

६४ **गल्कोट अस्पतालको आम्दानी पालिकामा प्राप्त नभएको -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(झ) मा नगरपालिका तथा नगरपालिकाको काम कर्तव्य तथा अधिकारको व्यवस्था गरिएअनुसार आधारभुत स्वास्थ्य सरसफाई तथा अन्य स्वास्थ्य सम्वन्धी नीति, कानुन, मापदण्ड, योजनाको तर्जुमा तथा कार्यान्वयन र अस्पताल र अन्य स्वास्थ्य सस्थाको स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ।पालिकाको मातहतमा संचालनमा रहेको गल्कोट अस्पतालमा ल्याव र फार्मेसी सञ्चालन गरिएकोमा उक्त सस्थावाट भएको आम्दानी तथा खर्चको वारेमा पालिकामा विवरण उपलव्ध भएको देखिएन ।स्वास्थ्य सस्थामा सर्जन डाक्टर तथा अन्य स्वास्थ्यकर्मी लगायतका जनशक्ति (एम्वुलेन्स चालक समेत), औषधी जस्ता अन्य खर्च पालिकावाट गरिदै आएता पनि आ व २०७९।८० मा अस्पतालमा भएको आम्दानी पालिकामा दाखिला नगरी छुट्टै समिती गठन गरी सोही समितिको निर्णयबाट अस्पतालको प्रशासनिक खर्च गरिदै आएको जानाकारी छलफलको क्रममा प्राप्त भएको र पालिकाले समिती गठन आदेश सम्वन्धी कानुन निर्माण समेत गरेको देखिएन ।पालिकाले स्वास्थ्य सस्थाको खर्च पालिकावाट गरेपश्चात सोवाट प्राप्त भएको सम्पुर्ण आम्दानी पालिकाको राजस्व खातामा दाखिला गराई सोको लेखापरीक्षण गर्नुपर्ने भएकोमा सोको लेखापरीक्षण गराएको देखिएन।

६५ **कोभिड १९ अनुगमन भत्ता -** कोभिड १९ अनुगमन भत्ताः वुष्टर खोप अभियानमा अनुगमन भत्ता दिने व्यवस्था भएको देखिदैन।पालिकाले भौ नं १४१।२०८०।१।२८ बाट कोभिड १९ वुष्टरखोप अभियानमा कार्यालयका विभिन्न कर्मचारीहरुलाई अनुगमन भत्ता वापत रु ५१२०० भुक्तानी गरेको देखियो। यसरी अनुगमन भत्ता दिन मिल्ने कानूनी आधार नभएकोले अनुगमन भत्ता भुक्तानी लिन मिल्ने आधार प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५१,२०० |

६६ **कृषि अनुदानमा लाभग्राहीको लागत कम भएको**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु. २०,००० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६७ **लाभग्राहीबाट कम लागत सहभागिता भएको**

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु. ८,६९६ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६८ **ओखर खेती -** ओखर खेती मूख्यमन्त्री नवप्रवर्द्धन कोष र पालिकाको क्रमशः ७० प्रतिशत र ३० प्रतिशतको सहकार्यमा रु १४३५४११३ वजेट विनियोजन भई रु १३३१७४२२ खर्च भएको छ। यस पालिकाको वडा नं १, ४ र १० मा ६२५ रोपनी क्षेत्रफलमा १०००० वटा ओखरको विरुवा रोपेको पाइयो। ओखर रोप्नका लागि पालिकाले २० वटा खाडल खन्ने मेशिन पनि खरिद गरेको देखिन्छ तर पालिकाले प्रति मेशिनले प्रति दिन कति मानिसको सहयोगमा कति खाडल खन्न सक्छ भनी प्राविधिक मूल्याङ्कन गरेको देखिदैन। प्रति खाडल खन्नका लागि रु २०० भुक्तानी गरेको छ। यसरी प्राविधिक मूल्याङ्कन विना नै खर्च गरेको खर्चलाई नियमित मान्न सकिएन रु

| | |
|---|---|
| अनियमित भएको | २०,००,००० |

६९ **कृषि अनुदान -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनु पर्दछ र सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । यस वर्ष संचालित केही कार्यक्रमहरु देहायअनुसार छन।

| **भौ नं** | **विवरण** | **रकम** |
|---|---|---|
| ४२३।२०८०।१।७ | कृषि विकास समितिले कृषि उपकरण खरिद | २००००० |
| ४६३।२०८०।२।१ | उच्चमूल्य कृषि वस्तुको उत्पादन केन्द्र पकेट विकास कार्यक्रम | १५७५०० |
| ५०६।२०८०।२।१६ | कृषि विकास कार्यक्रम | ३८९५५० |
| ५२९।२०८०।२।२८ | कृषि तथा पशुपालन विकास कार्यक्रम | १९८९०० |
| ६२०।२०८०।३।१५ | पाडापाडी हुर्काउने किसानलाई प्रोत्साहन अनुदान कार्यक्रम | ५८२९०० |
| ६२७।२०८०।३।१७ | वाँझो जमिन पुनउपयोग एवं अनावश्यक झाडी वुट्यान हटाउन प्रोत्साहन | २००००० |
| ६३०।२०८०।३।१७ | कृषि तथा पशुपालन निरन्तरता कार्यक्रम | ९७१८७५ |
| ६९४।२०८०।३।२२ | सहकारी निजी साझेदारीमा तरकारी अन्तर्गत गौमुखी सहकारी संस्थालाई अनुदान | ७२७५८७ |
| ७३१।२०८०।३।२४ | उत्पादनमा आधारित अनुदान कार्यक्रम (दुध उत्पादनमा) | ४०९२२५ |
| ७४।२०७९।११।३ | आलु विउ खरिद ५५६० के जी, ट्याक्टर तथा हलो ३ वटा खरिद | ३६०६२५ |

| | | |
|---|---|---|
| १३३।२०८०।१।१९ | आलु उत्पादन कार्यक्रम वडा नं ३ मा ६५०० के जी खरिद, हलो मिनि टिलर २ वटा खरिद | ४४४४३५ |
| १६३।२०८०।२।१७ | आलु खेती ७५०० के जी विउ खरिद तथा २ वटा मिनिटिलर खरिद | ३२६७५० |
| १४४।२०८०।२।१ | मकै खेतीका लागि विउ खरिद वडा नं ७ र ९ मा ५०२० के जी | २८०००० |
| १७७।२०८०।२।३० | बाख्रा खोर निर्माण वडा नं २ | १३०००० |
| १८३।२०८०।२।३२ | आलु खेती ४८५० के जी | ५५९००० |
| १८४।२०८०।२।३० | बाख्रा खोर निर्माण वडा नं ४ | १३०००० |
| १९०।२०८०।२।३० | बाख्रा खोर निर्माण वडा नं १ | १२४००० |
| १९७।२०८०।३।७ | अर्गानिक कृषि कार्यक्रम वडा नं १ | १२१६६० |
| २२६।२०८०।३।१२ | रैथाने वाली प्रवर्द्धन वडा नं ७ | १४०००० |
| २११।२०८०।३।१२ | आलु विउ ४५०० के जी र मिनिटिलर ३ वटा वडा नं १ | ५९७००० |
| २१२।२०८०।३।१२ | रैथाने वाली प्रवर्द्धन | १४१४७५ |
| २१६।२०८०।३।१३ | पशुपालन | १२९६०० |
| २१७।२०८०।३।१३ | वडा नं ४ मा रैथाने वाली प्रवर्द्धन | १४४५०० |
| २१९।२०८०।३।१३ | नयाँ बाख्रा पकेट विस्तार | ५१५००० |
| २३७।२०८०।३।१७ | कागती ४३०० र सुन्ताला ४८०० | ४२०००० |
| जम्मा | | ८४०१५८२ |

यस सम्वन्धमा देखिएको व्यहोराहरु निम्नानुसार रहेका छन।

**(क)** अनुदानको सहि सदुपयोग भए नभएको संवन्धमा अनुगमन प्रभावकारी छैन भने अनुदान पश्चातको उपलव्धी मापन गरेको छैन । अनुदान वाट प्राप्त लाभको विश्लेषण गरी आगामी दिनमा अनुदानको कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ ।अनुदान रकम विभिन्न तरिकावाट साना साना कार्यक्रम वनाई वितरण गर्दा अपेक्षित प्रतिफल प्राप्त नहुने र यसले उत्पादकत्वमा समेत वृद्धि नगर्ने हुदा ठुला अनुदानका कार्यक्रम संचालन गरी कृषि पेशालाई आकर्षित गर्नुपर्ने देखिन्छ । साथै अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ ।

**(ख)** कृषि तथा पशु पालन क्षेत्रमा आत्मनिर्भर वनाउन सरकारले कृषि तथा पशु वीमामा अनुदानका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । नगरपालिकाले कृषि क्षेत्र तथा पशु क्षेत्रमा विभिन्न अनुदान दिएकोमा अनिवार्य वीमा गरेमा मात्र अनुदान दिने नीति तय गर्नुपर्नेमा वीमा गर्ने गराउने तर्फ नगरपालिकाले ध्यान नदिइ

अनुदानका कार्यक्रम मात्र सञ्चालन गरेको देखियो । एक सरकारले ल्याएको नीतिलाइ अर्को सरकारले सहयोग गर्ने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

**(ग)** अनुदानमा ठुलो रकम खर्च भएकोमा जग्गाको स्वामित्व एकिन गरेको छैन जसले गर्दा अनुदानको वास्तविक क्षेत्रमा खर्च भइ अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन। साथै वाख्राको खोर सुधार कार्यक्रम, कुखुराको खोर सुधार कार्यक्रम तथा पलास्टिक टनेल निर्माण कार्यमा निर्माण सामाग्री खरिदको विलको आधारमा अनुदान वितरण भएको र निर्माण कार्यको प्राविधिक मुल्यांकन नभएकोले अनुदानको सहि सदुपयोग भयो भन्न सक्ने अवस्था छैन

**(घ)** पालिकाले एकै प्रकृतीका अनुदान कार्यक्रम विभिन्न वडा तथा नगरवाट सञ्चालन गरेको भएता पनि कार्यक्रममा एकरुपता भएको देखिदैन। लागत सहभागिता तथा अनुदान भुक्तानीका मापदण्ड अधिकांश वडास्तरको सिफारिसका आधारमा तयार गरी एकै प्रकारका अनुदान कार्यक्रममा पनि प्रतिस्पर्धात्मक तरिकावाट खरिद नगरी उपभोक्ताका विलका आधारमा अनुदान दिइएको छ। साथै मापदण्डमा एकरुपता नहुँदा कुनै वडामा एउटै प्रकृतिको कार्यक्रममा लागत सहभागिता र कुनै वडामा शतप्रतिशत अनुदान दिइएकोले निश्चित मापदण्ड तथा कार्यविधी तयार गरी एकमुष्ठ रुपमा प्रतिष्पर्धात्मक तवरले खरिद गरी समानता कायम हुने गरी अनुदान वितरण गर्नुपर्ने देखिन्छ।

## ७० ओखरको विरुवा खरिद तथा वितरण

७०.१ आर्थिक विकासको लागि दाँते ओखर खेती परियोजना नवप्रवर्तन साझेदारी मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यलय पोखराबाट रु. १४०००००० र गल्कोट नगरपालिकाबाट रु. ६०००००० गरी जम्मा रु. २०००००००० बजेट व्यवस्था गरी १०००० ओखरको वेर्ना खरिद तथा वितरण गर्न भगवती फलफुल तथा जडिबुटी नर्सरीसँग सम्झौता गरी रु. ४२४९०००।०० भुक्तानी गरी देहायका कृषक समुहलाई ओखरको विभिन्न जातका वेर्ना वितरण गरेको स्थिति र सो सम्वन्धी अन्य व्यहोरा देहायअनुसार छनः

| क्र.स. | समुह | फर्नर जात | फर्नेट जात | च्यान्डलर | फ्रेन्क्विट | हाट्र्ले | पाएने | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | दुदिलाधाटी ओखर कृषक समुह वडा १ | २५२० | २८० | १०८० | १२० | ३६० | ४० | ४४०० |
| २ | आधुनिक व्यवसायिक ओखर कृषक समुह वडा ४ | १३५० | १५० | ६३० | ७० | ३६० | ४० | २६०० |
| ३ | रमुवा ओखर कृषक समुह वडा १० | १५३० | १७० | ९० | १० | १०८० | १२० | ३००० |

उपलब्ध भएको ओखर सोही जातका भए नभएको सम्बन्धमा पालिकाले कुनै जात परीक्षण गरेको देखिदैन । पालिकाले वितरण गरेको वेर्नाको जात परीक्षण गरी सोबाट के कति प्रतिफल प्राप्त गर्न सकिन्छ एकिन गर्नुपर्छ।

७०.२ **ओखरको वढी दरमा लागत अनुमान -** सार्वजानिक खरिद नियमावलीको नियम ११(२) (क) मा सार्वजानिक निकायले मालसामनको लागत अनुमान तयार गर्दा सम्बन्धित सार्वजानिक निकाय वा त्यस्तो सार्वजानिक निकाय रहेको जिल्लाको सार्वजानिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्तविक लागत स्थानीय बजारमा प्रचलित दरभाउको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । बाग्लुङ जिल्लाको आर्थिक वर्ष २०७९।८० को जिल्ला दररेटमा दाँते ओखर (कलमी) विरुवाको प्रति विरुवा रु. १२० रहेको छ। पालिकाले आर्थिक वर्ष २०७९।८० को जुम्ला जिल्लाको दररेट बमोजिम प्रति विरुवा रु ७०० का दरले लागत अनुमान तयार गरी बोलपत्र आह्वान गरेकोमा रु ४२५ प्रति विरुवा लागतमा दाँते ओखरको विभिन्न जातका वेर्ना उपलब्ध गराउन भगवती फलफुल तथा जडीबुटी नर्सरीसँग संझौता गरी सोही अनुसार १०००० विरुवाको भुक्तानी गरेको देखिन्छ । पालिकाले सो ओखरको वेर्ना टर्कीदिखि ल्याएको र बाग्लुङ जिल्लाको दरलाई आधार मानी लागत अनुमान तयार गर्नु पर्नेमा सो अनुसार नगरेको कारण प्रति विरुवा ( ४२५-१२०) रु. ३०५ बढी भुक्तानी गरेको छ । जसबाट पालिकालाई १०००० विरुवाको रु ३०५०००० थप व्ययभार परेको देखिन्छ । कानुनमा भएको व्यवस्थाको पालना गरी लागत अनुमान तयार गर्नुपर्दछ। यसरी जिल्लाको जिल्ला दररेट भन्दा वढीमा सम्झौता गरी भुक्तानी भएकोले पालिकालाई थप व्ययभार परेकोले अनियमित देखिएको रकम रु.
*(बाग्लुङ जिल्लाको जिल्ला दररेटमा उल्लेखित जातका ओखरको विरुवाको मुल्य नभएको र नजिकको जिल्लामा समेत जिल्ला दररेट अनुसार नरहेको कारण जुम्ला जिल्लाको दररेटलाई आधार लिनु परेको पालिकाको भनाई रहेको छ।)*

| | |
|---|---|
| अनियमित भएको | ३०,५०,००० |

७१ **कृषकलाई पाडापाडी हुर्काउन प्रोत्साहन -** कृषकलाई पाडापाडी हुर्काउन प्रोत्साहन भौ नं ६२०।२०८०।३।१५ बाट किसानलाई पाडापाडी हुर्काउनका लागि प्रोत्साहन स्वरुप कम्तिमा ६ महिना हुर्किएका पाडा पाडीलाई प्रति पाडापाडी रु. २००० का दरले आ व २०७९।८० मा रु ५८२९०० भुक्तानी भएको पाईयो। अनुदान दिएको पाडापाडीको वीमा गरेको पाईएन।पालिकाले अनुदान दिएका पशुहरुको वीमा गरी अनुदानलाई प्रभावकारी वनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

७२ **दोहोरो सामाजिक सुरक्षा भत्ता -** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ४ को दफा १५ (२) मा सामाजिक सुरक्षा भत्ता पाइरहेका लाभग्राहीहरुका लागि संघीय सरकारवाट प्राप्त भत्ता रकममा स्थानीय सरकारले आफ्नो कोषवाट कुनैपनि रकम थप गरी प्रदान गर्न नसकिने व्यवस्था छ। कार्यविधि अनुसार कुनै कार्यक्रम संचालन गर्न सक्ने भएतापनि रकम नै थप गरेर भुक्तानी दिन नमिल्ने स्पष्ट व्यवस्था छ।स्थानीय चुनावमा भत्ता थप दिने भन्ने धेरै स्थानीय तहका जनप्रतिनिधिहरुको घोषणापत्र भएकोले धेरै स्थानीय तहले सामाजिक सुरक्षामा ठुलो रकम खर्च गर्ने हुँदा यसलाइ न्युनिकरण गरि संघीय सरकारवाट मात्र सामाजिक सुरक्षा भत्ता कार्यान्वयन गर्नको लागि यस कार्यविधिमा यस्तो व्यवस्था गरिएको हो। तर पालिकाले ८५ बर्ष माथिका जेष्ठ नागरिकलाई रकम थप गरि भत्तामा मात्र भौचर नम्वर २७२।२०७९।१०।२९ वाट सहायक पाँचौं सुनिता अधिकारीलाई पेश्की फछ्र्यौट वापत रु ७४८७७५ खर्च गरेको छ। यस्तो खर्चमा पुर्ण नियन्त्रण गर्नुपर्दछ। कार्यविधि विपरित यसरी भत्ता खर्च लेख्नु नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ७,४८,७७५ |

७३ **वहाल कर कम कट्टी भएको -** आय कर ऐन २०५८ को दफा ८८ को उपदफा १ को प्रतिवन्धात्मक वाक्याशंमा भाडा भुक्तानीमा १० प्रतिशत वहाल कर निर्धारण गरेको छ। पालिकाले तपशिलका विभिन्न भौचरबाट भाडा भुक्तानी गर्दा कर कट्टा नगरी भुक्तानी गरेको देखिएकाले कर सम्वन्धितबाट असुल गर्नुपर्ने रु १०००

| भौ नं। मिति | विवरण | भाडा रकम | कट्टा नभएको रकम |
|---|---|---|---|
| ४२३।२०८०।१।७ | कृषि उपकरण खरिद | १०००० | १००० |
| जम्मा | | | १००० |

***.......... (प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु. १,५०० सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००० |

७४ **राजस्व ढिला दाखिला -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७६ को नियम २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट र बैंक र कार्यालयवीचको दुरी समेतलाई विचार गरी महालेखा नियन्त्रक कार्यालयले नगद दाखिला गर्ने म्याद तोकिदिएकोमा सोहि वमोजिम गर्नुपर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिनसम्म ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा बढि ढिला गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिकाको विभिन्न वडाबाट संकलन गरेको राजस्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधिभित्र दाखिला नगरी अर्को महिना तथा केहि महिना पश्चात मात्र दाखिला भएको देखिन्छ। संकलन भएको राजस्व समयमै दाखिला गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्छ।

७५ **पारिश्रमिक कर कम कट्टी भएको -** आय कर ऐन २०५८ को दफा ८८ को उपदफा १ मा वैठक भत्ता तथा पटके रुपमा गरिने अध्यापन वापतको पारश्रमिक कर १५ प्रतिशत निर्धारण गरेको छ। पालिकाले तपशिलका विभिन्न भौचरबाट भुक्तानी गर्दा कम कर कट्टा गरी भुक्तानी गरेको देखिएकाले कम कट्टा भएको कर रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु

| **भौ नं। मिति** | **विवरण (प्रशिक्षण वापत)** | **कट्टा गर्नुपर्ने कर** | **कट्टी भएको कर** | **कम कट्टा भएको रकम** |
|---|---|---|---|---|
| १३४।२०७९।७।२८ | लक्षित वर्ग सुनिश्चित कार्यक्रम | १०२९५ | १०६५ | ९२३० |

| | | | | |
|---|---|---|---|---|
| ३५२।२०७९।१२।८ | नगरपालिकाको स्थापना दिवस | १९२४७ | ३०५३ | १६१९४ |
| जम्मा | | | | २५४२४ |

***(प्रारम्भिक प्रतिवेदन उपर असुल भएको प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२२ को निर्णयबाट रु. ८,३४७ सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,४२४ |

७६ **नक्सा अभिलेखिकरणमा घटी राजस्व -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४२(१) मा यो ऐन प्रारम्भ हुनु अघि तत्काल प्रचलित कानुन वमोजिम नक्सा पास नगरी वा पास भएको नक्सामा स्वीकृत वेगर हेरफेर गरी बनाएको हकमा भवन निर्माण सम्बन्धी मापदण्ड र संहिता पालना भएको रहेछ भने पालिकाले ऐन प्रारम्भ भएपछि एक पटकको लागि निर्माण सम्बन्धी मापदण्ड र संहिता पूरा गरेको एकिन भएमा हाल नक्सा पास गर्न वा स्वीकृत नक्सा हेरफेर गर्नका लागि दस्तुरको तेव्वर सम्म लिने व्यवस्था छ। पालिकाको कर सेवा शुल्क दस्तुर २०७९।८० को अनुसुची ६ मा घर नक्सा दस्तुर प्रति वर्ग फिट क वर्गलाई १०, ख वर्गलाई ८, र ग वर्गलाई ५ निर्धारण गरेको छ। निम्न व्यक्तिहरुले भवन संरचनाको नक्सा पास स्वीकृत नगरी बनाएको संरचनामा नियमित तथा अभिलेखिकरण गर्दा लाग्ने राजस्व दस्तुरको ३ गुणाले हुन आउने राजस्व संकलन गर्नुपर्नेमा फरक दरबाट राजस्व संकलन गरेकोले कम राजस्व सम्बन्धितबाट असुल गर्नपर्ने रु.

| सि.न. | नाम | घरको क्षेत्रफल (वर्गफिट) | प्रति वर्गफिट दर | लिएको रकम | लिनुपर्ने रकम | नपुग रकम |
|---|---|---|---|---|---|---|
| १ | चुरा बहादुर पुन | १२४८ | ८ | १३४८० | २९९५२ | १६४७२ |
| २ | सुरज कामी | ६५३.६२ | ५ | ५०८५ | ९८०५ | ४७२० |
| ३ | खिम बहादुर बुढाथोकी | १२९८.३२ | ५ | ४०६९ | १९४७५ | १५४०५ |
| ४ | भद्र बहादुर खत्री | १७२१.२५ | ८ | ७६४२ | ४१३१० | ३३६६८ |
| ५ | धन बहादुर थापा | १०२८.८३ | १० | १७८४५ | ३०८६५ | १३०२० |
| ६ | चन्द्र बहादुर थापा घर्ति | १४४७.५ | ५ | १०९१८ | २१७१२ | १०७९४ |
| ७ | विष्णु वहादुर कार्की | २२८५.१७५ | ८ | २४८३८ | ५४८४४ | ३०००६ |
| ८ | हिरा बहादुर वोहोरा | १४८५ | ८ | १२४९० | ३५६४० | २३१५० |
| ९ | श्याम बहादुर बोहोरा | २९४९.९ | १० | ३५०७० | ८८४९७ | ५३४२७ |
| १० | दुर्गा कुमारी रेग्मी | १३३१.०७ | ८ | १६०८२ | ३१९४५ | १५८६३ |
| ११ | तुल बहादुर सनार | १०१३.४३ | ५ | ७१०० | १५२०१ | ८१०१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | हिरा बहादुर खत्री | २१२२.७२ | ८ | २२१०१ | ५०९४५ | २८८४४ |
| १३ | नर बहादुर पुन | १४०९.८० | ५ | ९०१० | २११४७ | १२१३७ |
| १४ | लाल बहादुर भण्डारी | ३१८२.३ | १० | ३६१३९ | ९५४६९ | ५९३३० |
| १५ | धन बहादुर खड्का | १६९० | ५ | ९२०८ | २५३५० | १६१४२ |
| १६ | सन्त बहादुर खड्का | १४७९.४२ | ५ | १०२४६ | २२१९१ | ११९४५ |
| १७ | छिमा कुमारी साहानी | ५३७१.९५ | ८ | ९५९६ | १२८९२६ | ११९३३० |
| १८ | विमला कुमारी गैरे | १९१७.९५ | ८ | ८९१७ | ४६०३० | ३७११३ |
| जम्मा | | | | | | ५०९४६७ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,०९,४६७ |

७७ **नाफामुलक संस्थालाई अनुदान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुंजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। पालिकाले देहाय बमोजिमका भौचर नं बाट लघुवित्त सहकारीलाई विविध| कार्य गर्नका लागि रु. ७९०२१९ रकम उपलब्ध गरएको छ। साथै अनुदान लिएको नाफामुलक संस्थाले स्थानीय जनतालाई | दिएको सहुलियत तथा सुविधाको सम्बन्धमा समेत पालिकाबाट अनुगमन भएको पाईएन्। तसर्थ यसप्रकारको अनुदान उपलब्ध गराउने | कार्यमा नियन्त्रण गरी नाफामुलक संस्थालाई अनुदान उपलब्ध गराउने मिल्ने कुनै कानुनी व्यवस्था भएको नदेखिएकाले अनियमित देखिएको रु.

| **गो भौ न मिति** | **नाम** | **कामको विवरण** | **रकम** |
|---|---|---|---|
| ५११,२०८०।२।१७ | गल्कोट एफ एमलाई | व्यवस्थापन | ३००००० |
| ५८९,२०८०।३।११ | आँखा उपचार केन्द्र हरिचौरलाई | व्यवस्थापन | ४९०२१९ |
| जम्मा | | | ७९०२१९ |

| | |
|---|---|
| अनियमित भएको | ७,९०,२१९ |

# अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : गल्कोट नगरपालिका, बागलुङ , गल्कोट नगरपलिका , बाग्लुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | GANGA BAHADUR BHUJEL | २०७९-५-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | krishna prasad kharal | २०७९-२-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,८५३,१३७ | १५,५८२,८९२ | ४,६५७,०६६ | ० | ० | १०४,५०० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २३,१९७,५९५ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ३,००१,८०८ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २०,१९५,७८७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४५१६२८३१ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५१२१४२२९५ | **चालु खर्च** | ४७५१२०३०४ |
| **प्रदेश सरकारबाट अनुदान** | २२४६९९८८ | **पूँजीगत खर्च** | १८७५२६२१५ |
| **राजश्व बाँडफाँट** | १०३९३५४७६ | **वित्तीय/अन्य व्यवस्था** | १०७७५३०८ |
| **आन्तरिक आय** | ९४९९३४७.० | | |
| **अन्य आय** | १२१८०७८९ | | |
| **कुल आय** | ६६०२२७८९५ | **कुल खर्च** | ६७३४२१८२७ |
| **बाँकी मौज्दात** | | ३१९६८८९९ | |